# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको १२औं बैठकको निर्णयहरु

२०।१२।२०७४

**निर्णय नं.१**

मुलुक संघीय संरचनामा गइसकेपछि सरकारका विभिन्न तहको संगठनात्मक संरचनामा समायोजन गर्नु पर्ने र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पनि संगठनात्मक संरचनामा परिवर्तन गरी हाल भइरहेको पुनर्निर्माणको कार्यलाई प्रभावकारी रुपमा थप तिव्रता दिन केन्द्रीय तथा जिल्लास्तरीय आयोजना कार्यान्वयन इकाईहरु प्राधिकरण मातहत रहने गरी पेश गरिएको संगठन संरचनाको प्रस्ताव स्वीकृत गर्ने । यसलाई २०७४ चैत्र २९ गते देखि कार्यान्वयनमा लैजाने । साथै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको समन्वयमा सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालयहरुले उक्त संगठन संरचना बमोजिम आवश्यक पर्ने कर्मचारीहरु तुरुन्तै खटाइदिने ।

**निर्णय नं.२**

पुनर्निर्माणको कार्यक्रमलाई थप तीव्रताका साथ अघि बढाउन देहाय बमोजिम प्राथमिकताका साथ आगामि कार्यक्रमहरु सञ्चालन गर्ने:

क) निजी आवास पुनर्निर्माण गर्ने र यसमा पनि जोखिममा रहेका असक्त असहायहरुको निजी आवास पुनर्निर्माण कार्य यथाशीघ्र छिटो सम्पन्न गराउने व्यवस्था मिलाउने,
ख) स्वास्थ्य चौकी/अस्पताल,
ग) विद्यालय भवन,
घ) पुरातात्विक सम्पदा,
ङ) सरकारी भवन,
च) अन्य पुर्वाधार ।

**निर्णय नं. ३**

निजी आवास पुनर्निर्माणका लाभग्राहीमध्ये हालसम्म आधाले पनि दोस्रो किस्ता लिई नसकेको सन्दर्भमा दोस्रो किस्ता लिईसक्नुपर्ने म्याद २०७५ असार मसान्त सम्म थप गर्ने र तेश्रो किस्ता लिई सक्नुपर्ने म्याद २०७५ पौष मसान्तसम्म थप गर्ने गरी समय सीमा संशोधन गर्ने ।

**निर्णय नं.४**

निजी आवास निर्माण सम्बन्धी प्रकृयालाई थप सरलीकरण गर्न मौजुदा कानुन एवं कार्यविधिहरुमा आवश्यक संशोधन गर्ने ।

**निर्णय नं.५**

पुनर्निर्माण कार्यमा खटिएका प्राविधिक कर्मचारीहरु कार्यस्थलमा पुग्नु अघि नै निर्माण गरिएका लाभग्राहीका घरहरुलाई सहज तरिकाले अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउने ।

**निर्णय नं.६**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत रहेको बाढि पुनर्निर्माण तथा पुनर्स्थापना आयोजनालाई विपद् व्यवस्थापन प्राधिकरणसंग समन्वय गरी संचालन गर्न उपयुक्त हुने हुँदा गृह मन्त्रालय अन्तर्गत राख्न प्रक्रिया अघि बढाउने।

**निर्णय नं.७**

गुम्बा निर्माण सम्बन्धमा थप छलफल गरी विस्तृत विवरण सहित आगामी बैठकमा पेश गर्ने ।

२०।१२।२०७४